नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३/२०७६/७७

मितिः- २०७६/११/२८

चलानी नं.:- ३६७

विषयः- COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रा.स./४२१/५४९९ मिति २०७६/११/२३ को COVID-19 को संक्रमणप्रति सजगता, रोकथाम तथा नियन्त्रण सम्बन्धी पत्र प्राप्त भएकोमा मन्त्रालयबाट मिति २०७६/११/२७, च.नं. ३६१ को पत्र मार्फत सबै स्थानीय तहहरुलाई ध्यानाकर्षण गराई सकिएको छ।

कोरोना रोग रोकथाम तथा नियन्त्रणमा उच्च सतर्कता अपनाई प्राथमिकता साथ संघ, प्रदेश र स्थानीय तहबाट समन्वयात्मक ढंगले काम गर्नु पर्ने भएकोले त्यहाँबाट थप जिम्मेवारी पूर्वक देहाय बमोजिमका कामहरु तत्काल कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तर्राष्ट्रिय भ्रमण सम्बन्धी सूचना (Travel advisary) मा उल्लेख भएबमोजिम स्थानीय तहसँग सम्बन्धित हुने विषयहरुमा आवश्यक कार्य गर्ने/ गराउने।

२. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म नेपाल प्रवेश गर्ने मुख्य सीमा नाकाहरुमा उच्च सतर्कता अपनाई नेपाल प्रवेश गर्ने सबै यात्रुहरुको स्वास्थ्य जाँच/स्क्रिनिङ्गको कार्यलाई प्रभावकारी तुल्याउन सङ्घीय सरकार तथा प्रदेश सरकारबाट खटिइएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुसँग समन्वय गरी स्थानीय तहबाट आफ्नो कार्यक्षेत्रमा पर्ने नाकाहरुमा कामकाज गर्न खटाउने व्यवस्था गर्ने/गराउने।

३. COVID-19 को संक्रमण नियन्त्रणमा नआएसम्म स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राखी स्थानीय तहमा ठुला जमघट हुने खालका सामाजिक कार्यहरु भोज, उत्सव एवम् पर्वहरुमा सहभागी नहुन सर्वसाधारणलाई आहवान गर्ने/गराउने।

४. स्थानीय तहहरुमा रहेका सबै अस्पताल, स्वास्थ्य केन्द्रहरुमा उपलब्ध क्षमतालाई ध्यानमा राखी आकस्मिक अवस्थामा प्रयोग गर्न सकिने गरी आवश्यक मात्रामा छुट्टै वेडको व्यवस्था मिलाउने।

५. बिरामीहरुको प्रारम्भिक जाँच, परीक्षण गर्ने र सघन जाँच परीक्षण गर्नुपर्ने देखिएमा प्रादेशिक तथा केन्द्रिय अस्पतालहरुमा रिफर गरी पठाउने व्यवस्था मिलाउने।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

६. स्थानीय तहहरुमा COVID-19 को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतना सम्बन्धी जनहितका सूचना जारी गरी प्रचार, प्रसार गर्ने/गराउने।

७. स्यानिटाइजर, मास्क, औषधी एवं अत्यावश्यक सामग्री लगायत दैनिक उपभोग्य अन्य वस्तुहरुको बजारमा नियमित एवं सहज आपूर्तिको व्यवस्था तथा बजार स्वच्छता कायम राख्न स्थानीय तहबाट सम्बन्धित निकायसँग समन्वय गरी बजार अनुगमन तथा नियमनको कार्यलाई प्रभावकारी तुल्याउने। साथै आम उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तु तथा सामग्रीहरुको अस्वभाविक संग्रह नगर्ने व्यहोराको सन्देश जारी गर्ने व्यवस्था मिलाउने।

८. छिमेकी मित्रराष्ट चीनसँग जोडिएका मुख्य नाका रसुवागढी र तातोपानीमा उच्च सतर्कता अपनाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य कक्ष स्थापना गरी यात्रुको स्वास्थ्य निगरानी तथा परीक्षण गर्ने।

९. छिमेकी मित्रराष्ट भारतसँग जोडिएका मुख्य नाका (पशुपतिनगर, काकरभिट्टा, जोगबनी, जयनगर, रक्सौल, सुनौली, जमुनाह(नेपालगञ्ज) र गड्डाचौकी) लगायतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य कक्ष स्थापना गरी स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने यात्रुको स्वास्थ्य परीक्षण गर्ने।

१०. सीमावर्ती क्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न नेपाली नागरिकहरुलाई सूचित गर्ने।

११. मानिसहरुको ठुलो जमघट हुने सिनेमा हल, बसपार्क, पार्टिप्यालेस तथा सामुहिक बसोबास हुने अपार्टमेन्ट जस्ता स्थलहरुमा स्वास्थ्यकर्मीको टोली खटाई समय-समयमा परीक्षण गर्ने व्यवस्था मिलाउने।

बसन्त अधिकारी

सह-सचिव

<u>बोधार्थः-</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।